हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १७८ पृष्ठ : ४ २०७७ माघ १६ गते शुक्रबार (Friday 29 January 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## 'जाडोमा विपन्नलाई महेशले बाड्दै न्यानो उपहार 'कम्बल'



**लहान** । तराई वर्षेनी जाडोमा विपन्न समुदायलाई रात कटाउनै मुस्किल हुन्छ । यसवर्षपनि उस्तै भएको छ । समस्या भोगिरहेका व्यक्तिहरूको सहयोगीको रूपमा देखिएका छन् लहानका महेश चौधरी र संगिता कर्माचार्य । चौधरी र कर्माचार्य वस्ती–वस्ती पुगेर उपहार स्वरूप न्यानो कम्बल वितरण गरिरहेका छन् । बिहिबार दुवैजनाले लहान नगरपालिका १६ बर्दमारस्थित कम्बल वितरण गरेका छन् । व्यक्तिगत र शुभचिन्तकहरूसँग स्रोत साधन जुटाएर उनीहरू बर्दमारका ६० जनालाई न्यानो कम्बल वितरण गरेका छन् । बर्दमारमा बाड्नुअघि लहान नगरपालिका १३ र २४ मा पनि ६०/६० जनालाई कम्बल बाडिसकेका छन् । चौधरी कोरोनाबाट प्रभावित विपन्न हजारौँ परिवारलाई राहत वितरण पनि गरेका थिए ।

'जाडोमा स्थानीय सरकारले गरिब विपन्नलाई राहत उपलब्ध नगराएको गुनासोहरू आउन थालेपछि आफुले अन्य वर्ष जस्तै यसवर्षपनि न्यानो बाड्ने अभियान थालेका छौँ,'चौधरीले भने,'यसमा व्यक्तिगत खर्च र शुभचिन्तकहरूको पनि सहयोग छ ।' आफुले सक्ने ठाउँठाउँमा कम्बल पुऱ्याइरहेको उनले सुनाए ।

बाँकी ३ पेजमा

## सार्वजनिक शिक्षा सुधारका लागि नगर शिक्षा सम्मेलन, ३० बुँदे घोषणापत्र जारी




■ मणिलाल विश्वकर्मा

**लहान** । सार्वजनिक शिक्षाको स्तर खस्किंदै गएको गुनासो बढिरहेका बेला नगर क्षेत्रको शैक्षिक सुधार र आगामी शैक्षिक रणनीति योजना निर्माणका लागि सिराहाको धनगढीमाई नगरपालिकाले नगर शिक्षा सम्मेलनमार्फत् ३० बुँदे घोषणापत्र जारी गरेको छ ।

निवर्तमान शिक्षा मन्त्री तथा नेकपा प्रचण्ड माधव समूहका स्थायी समिति गिरिराजमणि पोखरेलको प्रमुख

बाँकी ३ पेजमा

## उद्योगी विनोद चौधरीको नेतृत्वमा कांग्रेसको "गरिखाने' अभियान

**कां**ग्रेसले उद्योगी विनोद चौधरीको नेतृत्वमा 'गरिखाने' अभियान सञ्चालन गर्ने भएको छ । कांग्रेसको लगानी पूर्वाधार रोजगारी विशेष उपसमिति संयोजक रहेका चौधरीले गरिखाने अभियान अगाडि बढाउन लागेका हुन् ।

नेपाली जनतालाई गरिखाने बाटोमा लैजाने र पछि उनीहरूलाई हुनेखाने बनाउने



योजना रहेको उद्योगी चौधरीले बताए ।

वीरगन्जमा बिहीबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै चौधरीले नेपालीको जीवनस्तर रूपान्तरण गर्ने गरी गरिखाने योजना ल्याइएको बताए । कोभिडको व्यावहारिक कठिनाइसँगै अर्थतन्त्र र नेपाली आमजीवनमा पारेको प्रभावको

बाँकी ३ पेजमा

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा

रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट
यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller

हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

बगैंचा सहितको जग्गा बिक्रीमा
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०



Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# विपन्न दलितलाई न्यानो कपडा





**सिरहा ।** प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेलले सिरहाको गोलबजार ३ जमदहमा न्यानो कम्वल वितरण गरेको छ । स्थानीयतहसँगको समन्वयमा एन अईसी एसीया विकास बैंक प्रादेशीक कार्यालय वर्दिवासबाट प्रात कम्वल एक सय ९० जना दलित विपन्नलाई वितरण गरेको हो ।

एन अईसी एसीया विकास बैंक प्रादेशीक कार्यालय वर्दिवासबाट ४ सय ९० थान न्यानो कम्वल प्राप्त भएको प्रमुख जिल्ला अधिकारी कणेलले जनाए । जसमध्ये एक सय ९० थान गोलबजार ३ का दलित विपन्न परिवारलाई वितरण गरीएको छ ।

पछिल्लो केही दिनदेखि लागातार लागेको कुहिरो र शितलहरका कारण जनजीवन प्रभावित भएकोले जिल्ला विपद व्यवस्थापन समिति सक्रिय रहेको बताए । समितिले जिल्लाको १७ वटै स्थानीय तहलाई कार्ययोजना बनाएर पठाएको प्रमुख जिल्ला अधिकारी कणेलले बताए । उनले जिल्ला विपद व्यवस्थापन समितिले हुनेले नहुनेलाई सहयोग गर्ने गरी सर्वसाधारणसँग पनि अनुरोध गरिरहेको जनाए । उनले सोही अनुसार जिल्लाका विभिन्न स्थानहरूमा व्यक्ति, संस्था तथा स्थानीय तहहरूले शितलहर प्रभावितहरूलाई न्यानो कपडा सहयोग गरिरहेको बताए ।

बाल बालिका, वृद्ध विद्धा, अपाङ्ता भएका व्यक्तिहरू, विपन्न सुत्केरी महिला, विरामीहरू प्रभावित भएका छन् । त्यसलाई रेसपोन्स गर्ने काम पनि संगसँगै भएको प्रमुख जिल्ला अधिकारी कणेलले बताए ।

वितरण कार्यक्रममा वडा अध्यक्ष धनप्रसाद लामा, एनआईसी एसीया विकास बैंकका गोलबजार शाखाका प्रमुख प्रदिप साहको उपस्थिति रहेको थियो । *गमकपोष्टबाट*

# उधारो ९ करोड नाघ्यो, महायज्ञमा कबोल गर्नेहरुले अझै रकम दिएनन्





**रा**मपुरमा निर्माणाधिन गौतमवुद्ध अर्न्तराष्ट्रिय क्रिकेट रंगशालामा पुग्दा सीताराम कट्टेल 'धुर्मस'को मुहारमा पहिलाको जस्तो चमक देखिँदैन ।

रंगशाला निर्माणको नेतृत्व गरिरहेका धुर्मसलाई पछिल्ला दिनमा आर्थिक संकटले निकै सताउन थालेको छ । रंगशाला निर्माणमा बजेटको अभाव हुँदा न उनले सोचे जसरी कामलाई अघि बढाउन सकेका छन्, न रकमको जोहो हुने निश्चित स्रोत छ । बजारबाट ल्याएको सामानको पैसा तिर्न फिटिफिटी परेको छ । उधारो नतिर्दासम्म आपूर्तिकर्ताले थप सामान नदिने अवस्था छ ।

'विहान उठेदेखि राति सुत्ने बेलासम्म आपूर्तिकर्ताको फोन आउँछ' धुर्मस भन्छन् 'उहाँहरूलाई गाह्रो छ, एकैठाँउमा रकम थुप्रिदा उहाँहरूलाई पनि समस्या भएकै छ ।' धुर्मुसका अनुसार एउटै व्यवसायीको साढे तीन करोड रूपैयाँ उधारो तिर्नु छ ।

धुर्मस सुन्तली फाउण्डेसनका लेखा प्रमुख मुक्ति तिमिल्सिनाका अनुसार रंगशाला निर्माणका क्रममा खरिद गरेको सामानको उधारो मात्र ९ करोड ३३ लाख पुगिसकेको छ । रंगशाला निर्माणमा खटिएका मजदुरलाई रकम दिन गाह्रो हुन थालेको छ ।

दसैरू, तिहार र छठमा कामदारलाई ज्याला दिने रकम नभएपछि सहकारीबाट ऋण लिनु परेको फाउन्डेसनका अध्यक्ष धुर्मुस दुखेसो पोख्छन् । उनका अनुसार चितवनको समृद्धि सहकारीबाट ३० लाख र काठमाडौंको जेष्ट आइडोलोजी सहकारीबाट ६० लाख रूपैयाँ ऋण लिइएको छ ।

रकम अभावकै कारण रंगशाला निर्माणमा खटिने कामदारको संख्या घटाउन थालिएको छ । पहिले ३१३ जनासम्म कामदार थिए, अहिले १६१ जनामा झरेको छ ।

धुर्मुसलाई रंगशालाको काम छिटो सकेर कलाकारितामा फर्किन पाए हुन्थ्यो भन्ने लाग्न थालेको छ । तर अवस्था भने आर्थिक अभावकै कारण रंगशाला निर्माणमा ढिलाइ हुन थालेको छ । जनस्तरबाट स्वःस्फूत उठ्ने अपेक्षा गरिएको रकम र सहयोग कोरोना भाइरस (कोभिड–१९) का कारणले उठ्न सकेको छैन ।

गत बर्ष माघ–फागुनसम्म दैनिक ७र८ लाख रूपैयाँ सहयोग उठ्यो । रंगशाला निर्माणस्थल हेर्न पुग्ने, सहयोग गर्नेहरूको संख्या उल्लेख्य हुन्थ्यो, त्यो देख्दा धुर्मस खुसी हुन्थ्थे । तर अहिले अवस्था फेरिएको छ । धुर्मस भन्छन्, 'टाढाटाढाबाट सहयोगी मनहरू बस रिर्जभ गरेर सहयोग गर्ने आउँथे, अहिले सुनसान जस्तै छ ।'

फाउण्डेसनका अनुसार रंगशाला निर्माण सुरू गरेयता ३९ करोड ३ लाख ४ सय ९९ रूपैयाँ खर्च भइसकेको छ । आम्दानी भने ३१ करोड ४७ लाख ३० हजार ९ सय ७७ रूपैयाँ मात्र छ । रंगशाला निर्माणका लागि सहयोग जुटाउन गत बर्ष माघ १९ देखि २६ सम्म लगाइएको महायज्ञमा ६९ करोड रकम घोषणा भयो । त्यो रकम आएको भए पनि आहिले आर्थिक संकट हुने थिएन ।

फउण्डेसनका अनुसार कबोल गरिएको ६९ करोडमध्ये ८ करोड ८४ लाख ९८ हजार ४ सय ४७ रूपैयाँ मात्रै प्राप्त भएको छ । जिन्सी सहयोगलाई नगदमा रूपान्तरण गरिएको एक करोड ३ लाख २३ हजार ६२८ रूपैयाँ मात्रै प्राप्त छ । 'महायज्ञबाट ६९ करोड हामीले पाइसक्यौं भन्ने आम जनतालाई परेको छ' धुर्मस भन्छन्, 'तर हामीले नगद र जिन्सी गरी करिब १० करोड रूपैयाँ मात्र पाएका छौं ।'

घोषणा गरेको रकम नदिनेमा सांसददेखि ठेकदारसम्म

रंगशाला निर्माणका लागि सहयोग जुटाउन महायज्ञ गर्ने धान्याचल समितिको स्मारिकामा उल्लेख भएअनुसार महायज्ञमा गएर बोल्ने तर बर्षदिनसम्म रकम नदिनेमा सरकारी निकायका प्रमुख, सांसद र ठेकदारसम्म छन् । महायज्ञकै जिम्मेवारी लिएकाहरूले समेत अहिलेसम्म रकम दिएका छैनन् ।

बागमती प्रदेश सरकार ३० करोड, भरतपुर महानगरपालिका १२ करोड ७५ लाख, जिल्ला समन्वय समिति चितवनले २ करोड २२ लाख २२ हजार २ सय २२ रूपैयाँ, गैंडाकोट नगरपालिका र एलपी ग्याँस उद्योगले १र१ करोड, जिल्ला समन्वय समिति महासंघले ७७ लाख रूपैयाँ, मनहरी गाउँपालिकाले ५५ लाख, माडी नगरपालिकाले ३० लाख, कालिका नगरपालिकाले १५ लाख ५५ हजार ५५५ रूपैयाँ र नेपाल पोल्ट्री महासंघले कबोल गरेको २० लाख रूपैयाँ दिन बाँकी छ ।

त्ननगर नगरपालिकाले ७ लाख र राप्ती नगरपालिकाले ४ लाख दिन बाँकी छ । प्रदेश सभाका सांसद मिलनबाबु श्रेष्ठ २ लाख १ हजार रूपैयाँ, सांसद गीता वाग्लेले १ लाख ५१ हजार १ सय ११ रूपैयाँ, राष्ट्रियसभा सांसद कोमल ओलीले ५५ हजार ५ सय ५५ रूपैयाँ, सांसद बालराम पौडेलले ५५ हजार ५ सय ५५ रूपैयाँ, सांसद उमेश श्रेष्ठले ११ लाख ५१ हजार, सांसद अन्जनी श्रेष्ठले ५१ हजार, सांसद रिना गुरूङले ५० हजार दिन बाँकी छ ।

यस्तै ठेकदार शारदाप्रसाद अधिकारीले ५ लाख ५५ हजार ५ सय, नेकपा वागमती प्रदेश अध्यक्ष नारायण दाहालले २ लाख ५ हजार, उद्योग संघ चितवनका पूर्वअध्यक्ष भेषराज दुवाडीले २ लाख, पुरानो मेडिकल कलेज भरतपुरका प्रमुख भीप्रसाद नटराजले २० लाख रूपैयाँ दिन बाँकी छ ।

घोषणा गरेको सहयोग जुटाउन फाउण्डेशन र तत्कालिन महायज्ञ मूल आयोजक समितिका सदस्य लागेका छन् । फाउण्डेशनका लेखा प्रमुख तिमिल्सिना भन्छन्, 'कतिपयलाई फोन गर्दा त कबुल नै बिर्सिसकेको समेत पाइयो ।'

रंगशालाको लागत करिव ३ अर्ब रूपैयाँ अनुमान गरिएको छ । फाउण्डेसनका अनुसार हालसम्म जनस्तरबाट ७ करोड ३४ लाख ८४ हजार रकम सहयोग प्राप्त भएको छ । यस्तै भरतपुर महानगरपालिकाले ८ करोड, बागमती प्रदेश सरकारले ३ करोड, हेटौंडा उपमहानगरपालिकाले ३० लाख, इच्छाकामना गाउँपालिका, चितवनले ११ लाख ११ हजार, रत्ननगर नगरपालिकाले ९ लाख ८५ हजार र राप्ती नगरपालिले ५ लाख रकम सहयोग गरेको छ ।

कहाँ पुग्यो त काम ?

रंगशालाको मैदानले आकार लिइसकेको छ । प्याराफिट ए र बी निर्माण भइरहेको छ । दुबैतर्फ २८६ पिल्लर उठेका छन् भने पर्खाल लगाउन काम भइरहेको छ ।

प्याराफिटको जमिनमा धेरै समय र खर्च लागेको धुर्मस बताउँछन् । उनका अनुसार माथिमाथि पिल्लर र प्याराफिटको काम बाँकी छ । 'खर्च कम लाग्ने र काम देखिने बेला भएको छ, तर यहीबेला आर्थिक समस्या पऱ्यो' धुमुर्स भन्छन् । *अनलाईनखबरबाट*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज धैर्य एवं लगनशीलताले अवसर दिलाउने छ । पराक्रम बढ्नुका साथै पारिवारिक सुख मिल्नेछ । विश्वास गरेकाले साथ दिनेछन् ।

**वृष** :- आज धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ । चिताएको कामले तीव्रता लिनेछ । व्यापार व्यवसायबाट पनि विशेष लाभ हुने देखिन्छ ।

**मिथुन**:- आज धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । आफन्तको सहयोग प्राप्त हुनेछ । व्यापारमा वृद्धि हुनुका साथै सामाजिक प्रतिष्ठा मिल्नेछ ।

**कर्कट** :- मनमा दुविधा उत्पन्न हुनेछ । मानसिक चिन्ता बढ्नेछ । मालसामान हराउन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**सिंह**:- चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाईएला । वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । शुभ समाचार सुन्नमा आउला ।

**कन्या** :- कला, साहित्य तथा संगीतमा रूचि बढ्नेछ । मनमा उत्साहका साथै बोली विक्ने समयछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् ।

**तुला** :- धार्मिक सामाजिक कार्यमा विशेष रूचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ । धर्म,कर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला ।

**वृश्चिक** :-स्थान परिवर्तनका विशेष योग देखिन्छन् । लगानिको वातावरण बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । साँझमा पैशा खर्च हुने योगछ ।

**धनु** :- परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुन सकिने छ । विद्यामा सफलता पाइएला । अरूलाई प्रभावित पारेर काम बन्नेछ । वाहान सुख पनि मिल्नेछ ।

**मकर**:- आज स्वादिष्ट भोजन पाईनेछ । प्रेममा मधुरता छाउनेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**कुम्भ**:- सामाजिक कार्यमा रूचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । सोचेका काम पूरा हुनेछन् ।

**मिन** :- आफूलाई कमजोर भएको अनुभूति हुनेछ । गरेका कार्यमा ढिलासुस्ती हुनेछ । शत्रुपक्ष भने सबल रहने भएकाले सजग रहनु उचित हुनेछ ।

## जाडोमा ...

यस क्षेत्रका सांसद प्रदीप गिरीले पनि सहयोग गरिरहेको उनले जानकारी गराए । हुनेले नहुनेलाई विपद्को बेला सहयोग गर्नुपर्ने उनको धारणा छ । कम्बल पाउनेहरू खुशी देखिएका थिए । 'पराल ओढ्ने र ओछ्याउने थियो,' लहान नगरपालिका २४ डाँडाटोलका बुद्धिमान सार्कीले भने,'उहाँ( महेश)जीले कम्बल दिनुभयो अब यही आधी ओछ्याउछु । आधी ओढछु ।'

कम्बल वितरणमा खटिएका चौधरी नेपाली कांग्रेसका जिल्ला सदस्य र कर्माचार्य नेपाल महिला संघकी केन्द्रिय सदस्य हुन् ।

## सार्वजनिक...

आतिथ्यमा धनगढीमाई ५ तीनकोनीस्थित जनता मा.वि.मा बिहीबार सम्पन्न सम्मेलनले शिक्षाको पहुँच बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालय शिक्षा सुनिश्चित गर्ने, विद्यालयमा न्यूनतम् पूर्वाधारहरूको विकास गर्दै जाने, स्थानीय पाठ्यक्रम विकास गरी आवश्यक अध्ययन सामग्री पाठ्पुस्तक बनाउने, विद्यार्थी मूल्यांकन प्रणाली व्यवस्थित गरी परीक्षा प्रणाली स्तरीय र अक्षरांकन प्रणालीमा लैजाने घोषणा गरेको हो ।

घोषणापत्रमा लिखित परीक्षा उत्तरपुस्तिकाको प्रशिक्षणपछि ग्रेडसिट र उत्तरपुस्तिकासहित विद्यार्थी अभिभावकलाई प्रवोधीकरण गर्ने, तोकएको कक्षागत एवम् वषयगत सिकाई उपलब्धि सुनिश्चित गर्न कक्षा शिक्षक, विषय शिक्षकलाई जिम्मेबार बनाउने, प्रधानाध्यापकले नगरमा र शिक्षकले प्र.अ.सँग कार्य सम्पादन करार गर्ने, बालबालिकाको समग्र सिकाई उपलब्धि मापन गरिने उल्लेख छ । त्यस्तै, सम्मेलनले प्रविधिमैत्री शैक्षिक सिकाई, पूर्वाधारको विकास, जनशक्तिको क्षमता विकास र उपयोगमा बढोत्तरी गर्ने, प्राविधिक र व्यवसायिक शिक्षालाई सबल र बिस्तार गर्ने, शैक्षिक सुशासन कायम गरिने, निरक्षरता उन्मूलन गर्ने, नगर शिक्षा क्यालेण्डर बनाई विद्यालय खुल्ने दिन सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूमा स्तरीय पुस्तकालय बनाउने, संघीय सरकाद्वारा संचालित दिवा खाजा र सेनेटरी प्याड वितरणलाई प्रभावकारी बनाउने, प्रदेश सरकारको बेटी बचाउ, बेटी पढाउ अभियानलाई सफल बनाउने लगायतका घोषणा गरेको छ ।

नगर क्षेत्रका ३३ सामुदायिक विद्यालयका प्र.अ. शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, जनप्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न सम्मेलनमा निवर्तमान शिक्षा मन्त्री पोखरेलले गुणस्तरीय शिक्षाका लागि दक्ष शिक्षक पहिलो शर्त रहेको औंल्याए । औपचारिक तथा अनौपचारिक शिक्षाले ज्ञान, सीपको विकास र चरित्रको निर्माण गर्ने भएकाले शिक्षा दिने शिक्षक दक्ष हुनै पर्नेमा जोड दिंदै निवर्तमान मन्त्री पोखरेलले भने 'राज्यको लगानी अनुरूप प्रकृयामा महत्वपूर्ण भूमिका रहने शिक्षकले आफूलाई नवीनतम् ज्ञान, सीप, धारणा बारे अद्यावधिक गर्दै त्यसले उपलब्धि सुनिश्चित हुन सक्छ ।

नेपालको सन्दर्भमा सिकाई केन्द्रित शैक्षिक क्रान्ति अझै हुन नसकेको चर्चा गर्दै उनले त्यसका लागि शिक्षक आफूले अद्यावधिक गर्ने, जिम्मेबार बन्ने र महत्वपूर्ण भूमिका खेल्छु भन्ने प्रण गर्नुपर्ने उल्लेख गरे । दक्ष तथा गुणस्तरीय शिक्षक, नेतृत्व, सुशासन, प्रविधिमैत्री शिक्षा, विद्यालय र समाजसँगको सम्बन्ध जीवन्त बनाइए सार्वजनिक शिक्षा सुधार गर्न सकिने उनको भनाई थियो ।

सम्मेलनमा शिक्षाविद् विमल फुँयालले स्थानीय आवयकता र मागको आधारमा कार्ययोजनामार्फत् जनशक्ति निर्माण गर्नेगरी पाठ्यक्रम बनाएर लागू गरे आवश्यकता पूर्ति हुनुका साथै स्थानीय विकास, समद्धि र अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पार्ने बताए । 'त्यसका लागि शिक्षालाई समाजसँग जोड्नै पर्छ' उनले भने 'विद्यालय क्याम्पसहरूलाई स्वायत्त बनाउँदै लगिनु पर्छ ।'

अर्का शिक्षाविद् नन्दकुमार थापाले विश्वव्यापी रूपमा प्रचलनमा रहेका शैक्षिक अवधारणाहरूको उल्लेख गर्दै द वर्ल्ड इकोनोमिक फोरमले औंल्याएको मूल साक्षरता, योग्यता, चरित्र निर्माण र प्रतिबद्धता, पहल तथा कार्यान्वयनको बारेमा चर्चा गरे । नगर प्रमुख हरिनारायण चौधरीले हरेक तीन/तीन महिनाको अवधिमा सबै वडा तहसम्म वडा स्तरीय शिक्षा सम्मेलन गरी प्राप्त सुझावहरूको आधारमा नगर शिक्षा सम्मेलन गरी शैक्षिक कार्ययोजना बनाएर कार्यान्वयन गरिने बताए ।

## उद्योगी...

विश्लेषण गर्दै यो अभियानले निकास दिने लक्ष्य राखेको उनले बताए । उनले भने, 'म्यानेजर मात्रै नभएर उद्योगीहरूलाई समेत अगाडि बढाउने मानसिकता राखेर युवा पुस्ता अघि बढ्नुपर्छ । ६ महिनामा कोभिडबाट व्यावहारिक कठिनाइहरु सिर्जना भए । त्यसको हामीले सामना गरिसकेका छौं । खासगरी बेरोजगारी समस्या, आपूर्ति र उत्पादन, माग र उत्पादनबीचको खाडल आˆ नै राष्ट्रभित्र पूर्ति गर्ने उद्देश्य अभियानको छ ।' प्रत्येक जिल्लामा अभियान सञ्चालन गर्ने सोच राखेको उनले बताए । 'उद्यम र व्यवसायको रूपमा सबैभन्दा अगाडि वीरगन्ज छ, यहीँबाट हामीले अभियान सुरू गरेका छौँ । यो अभियान हरदृष्टिले अगाडि बनाउने क्रान्ति हो । राजनीतिका बीचमा पनि गरिखानेहरूको वर्चश्व हुनुपर्छ,' उनले भने । सातवटै प्रदेशमा स्थायी संरचना बनाउने अभियानसँगै प्रदेश २ को वीरगन्जमा पहिलो छलफल गरिएको उनले बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


**प्रदेश सरकार**
**प्रदेश नं. २**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**लहान अस्पताल, सिरहा**

# राम कुमार उमा प्रसाद स्मारक अस्पताल लहान, सिरहा

## रासन सप्लाई सम्बन्धी बोलपत्र आहवानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७७।१०।१६**

| क्र. सं. | विवरण | दरभाउपत्र फारम दस्तुर | लगत अनुमान अंक | धरौटी रकम | खरिद गर्ने अन्तिम मिति | दर्ता गर्ने अन्तिम मिति | खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | रासन सप्लाइ | १,०००/- | ७,५०,०००/- | १९,०००/- | सूचना प्रकाशित भएको मितिले ७ औं दिनको ४:०० बजे सम्म | सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे सम्म | सूचना प्रकाशित भएको मितिले ८ औं दिन को २:०० बजे सम्म |

**यस सम्बन्धमा केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा वा ०३३-५६११३६ मा सम्पर्क गर्न सकिने छ ।**



# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# सहमति नभए फ्रिज हुन सक्छ नेकपाको सूर्य चिह्न

आगामी वैशाखका लागि घोषित मध्यावधि निर्वाचनका लागि दल दर्ता आह्वान गर्ने अन्तिम तयारीमा रहेको निर्वाचन आयोगले भोलि शुक्रबार सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को दुबै समूहलाई छलफलमा बोलाएको छ । नेकपाका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाललाई पत्र पठाएर शुक्रबार बिहान साढे ११ बजे दुबै अध्यक्ष र अध्यक्षले तोकेका आधिकारिक व्यक्ति गरी ५र५ जनालाई बोलाइएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए । स्रोतका अनुसार पत्रमा निर्वाचनसम्बन्धी छलफलका लागि भनिएको छ । तर, नेकपाको विवादमै कुराकानी हुनेछ ।

प्रधानमन्त्री ओलीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा भंग गरेर मध्यावधि निर्वाचन घोषणा गरेपछि नेकपा दुई समूहमा विभाजित भएको छ । संसद विघटनको विरोधमा आन्दोलनरत प्रचण्ड-माधव समूहले बहुमत केन्द्रीय सदस्यको बैठक राखेर ओलीलाई अध्यक्षबाट हटाएको छ र माधवकुमार नेपाललाई नयाँ अध्यक्ष चयन गरेको छ ।

अर्का अध्यक्ष ओलीले भने २०७८ मंसिरमा महाधिवेशन गर्ने गरी केन्द्रीय कमिटी विस्तार गरेका छन् ।

दुबै समूहले आफ्नो निर्णयअनुसार विवरण अध्यावधिक गर्न निर्वाचन आयोगलाई पत्राचार गरेका थिए । तर, ११ माघमा बसेको आयोगको बैठकले दुबै समूहको दाबी अस्वीकार गरेको छ । यससँगै कानूनीरूपमा नेकपाको अध्यक्ष ओली र प्रचण्ड रहे भने केन्द्रीय कमिटी ४४१ सदस्यीय नै कायम भयो ।

**शुक्रबारको छलफल किन ?**

दुबै पक्षको माग अस्वीकार गरेको चार दिनपछि फेरि शुक्रबार दुबै पक्षलाई आयोगले छलफलमा बोलाएको छ । एउटा निर्णय गरिसकेको आयोगले शुक्रबार फेरि किन छलफल गर्दैछ त ?

प्रतिनिधिसभा विघटनको मुद्दा सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन रहेपनि निर्वाचन प्रक्रिया रोक्नु नभएका कारण आयोगले चुनावको तयारी गरिरहेको छ । त्यही क्रममा केही दिनमा निर्वाचनका लागि दल दर्ता आह्वान गर्ने तयारी छ ।

तर, 'चमत्कारिक' सहमति नभए आयोगले नेकपा नामको दल दर्ता गर्न सक्ने अवस्था छैन । किनकी दल दर्ताका लागि अध्यक्षद्वय ओली र प्रचण्डको हस्ताक्षरसहित निवेदन आउनुपर्छ भन्ने आयोगको तर्क छ, जुन सम्भावना लगभग छैन ।

त्यही बुझेर निर्वाचन आयोगले दुबै पक्षलाई छलफलमा बोलाएको एक अधिकारीले जानकारी दिए । 'दुबै पक्षले हामी नै आधिकारिक हौं भनेर दल दर्ताका लागि आउने देखिन्छ । त्यस्तो अवस्थामा हामी कुनै एक पक्षलाई मान्यता दिन सक्ने अवस्थामा छैनौं' आयोग स्रोतले भन्यो, 'उहाँहरु आपसी सहमतिमा यसरी जान्छौं भनेर आउनुभयो भने हामी सहजीकरण गरिदिन्छौं । भोलि त्यही भन्न बोलाएका हौं ।'

**सहमति नभए सूर्य चिह्न फ्रिज**

आयोगका अधिकारीहरूका अनुसार प्रचण्ड-माधव र ओली समूहबीच शुक्रबार हुने छलफल वा दल दर्ता गर्नेबेलासम्म कुनै सहमतिमा नभए नेकपा दल दर्ता नहुन सक्छ । त्यस्तो अवस्थामा वैशाखमै मध्यावधि चुनाव हुने भयो भने नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र सूर्य चुनाव चिह्न प्रयोग हुँदैन ।

आयोगले यसलाई फ्रिज गर्ने सक्ने उनीहरु बताउँछन् । नेकपालाई बाहिर राखेर मध्यावधि चुनाव कल्पना गरेको हो त भन्ने हाम्रो प्रश्नमा एक अधिकारीले भने, '६४ प्रतिशत मत बोकेको दललाई बाहिर राखेर हामीले चुनावको परिकल्पना गरेका छैनौं । तर, उहाँहरूले निकास दिनुभएन भने हामीसँग अर्को विकल्प रहन्न ।'

त्यस्तो अवस्थामा प्रचण्ड-माधव र ओली समूहसामू चुनावमा जाने विकल्प हुनेछ- नयाँ दल दर्ता गर्ने वा राजनीतिक दलसम्बन्धी ऐनको दफा ४९ अनुसार दुई वा दुईभन्दा बढी दलले कुनै एउटा दलले प्राप्त गरेको चुनाव चिह्न वा अर्को कुनै चुनाव चिह्न लिएर निर्वाचनमा भाग लिन निवेदन दिने ।

कतिपयले त्यस्तो अवस्थामा ओलीले नेकपा एमालेको डाँडामाथिको सूर्य र प्रचण्ड-माधव समूहले माओवादी केन्द्रको हँसिया हथौडा लिएर चुनाव लड्ने अनुमान गरेका छन् । तर, नेकपाको दुबै पक्षले त्यसलाई अस्वीकार गरेका छन् र नेकपा र सूर्य चुनाव चिह्न आफूहरूले पाउने दाबी गरेका छन् ।

प्रचण्ड-माधव समूहका नेता लीलामणि पोखरेल भन्छन्, 'हामीले त्यो (सूर्य चुनाव चिह्न फ्रिज हुने र अर्को चिह्न लिएर चुनाव लड्ने) कल्पनै गरेका छैनौं ।'

सो समूहका नेताका अनुसार भोलि हुने छलफलमा आयोगलाई माघ ११ को निर्णय पुनर्विचार गर्न आग्रह गरिने छ । साथै राजनीतिक दलसम्बन्धी ऐनको दफा ४४ अनुसार विवाद निरूपण गर्न निवेदन दिन सक्ने पनि एक नेताले जानकारी दिए ।




तर, आयोगका अधिकारीहरु भने दफा ४४ अनुसार विवाद निरूपण गर्ने म्याद गुज्रिसकेको बताउँछन् । यो दफाअनुसार दलको नाम, छाप, झण्डा वा चिह्नसम्बन्धी विवाद भए दाबी गर्ने दलले केन्द्रीय समितिको ४० प्रतिशतसहित विवाद प्रारम्भ भएको ३० दिनभित्र आयोगमा प्रमाणसहित दाबी पेश गर्नुपर्नेछ । त्यसपछि अर्को पक्षलाई दाबी र प्रमाण पेश गर्न १५ दिन दिइनेछ । यो अवधिमा नआए थप १० दिन दिइनेछ ।

दुबै पक्षको दाबी आएपछि आयोगले सहमतिमा विवाद निरूपण गर्ने प्रयास गर्नेछ । त्यो प्रयास सफल भए दाबी, जवाफ र प्रमाणका आधारमा कुनै एउटा पक्षलाई मान्यता दिनेछ । त्यसरी मान्यता दिन नसक्ने भएमा केन्द्रीय समितिको बहुमत जोसँग छ, त्यसलाई आधिकारिकता दिनेछ भने अर्कोलाई नयाँ दलका रूपमा मान्यता दिइने उपदफा ६ मा उल्लेख छ । ओली पक्षका नेताहरुले भने आयोगले ओलीलाई प्रमुख पदाधिकारी स्वीकार गरिसकेकाले दल दर्ता सहजै हुने दाबी गरेका छन् । ओली पक्षका नेता एवं अधिवक्ता रमेश बडाल पनि दल दर्ता गर्न ओलीको हस्ताक्षर भए पुग्ने बताउँछन् ।

तर, प्रचण्ड-माधव पक्ष पनि आधिकारिक आफूहरु भएको भन्दै आयोग जालान् नि भन्ने प्रश्नमा उनले भने, 'काल्पनिक प्रश्न खडा गर्नुभन्दा निवेदन हेरेपछि आयोग यो प्रश्नमा प्रवेश गर्नु राम्रो हुन्छ । किनकी, अर्को पक्ष त चुनावलाई मान्दैनौं भनेर हिंड्नुभएको छ । उहाँहरु त दल दर्ता गर्न नै नजाने होला नि ।'

**पूर्वप्रमुख आयुक्तहरूको सुझाव**

सर्वोच्च अदालतमा विचाराधीन प्रतिनिधिसभा विघटन विरूद्धको रिटमा चाँडो फैसला आए निर्वाचन आयोगलाई दल विभाजन विवाद मिलाउन सहज हुने एक पूर्वआयुक्त बताउँछन् । उनी भन्छन्, 'नेकपाको विवाद कति लामो समयसम्म रहन्छ भन्ने कुरा वैशाखमा चुनाव हुने कि नहुने भन्नेमा धेरै हदसम्म निर्भर छ ।'

पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती पनि चुनावमा बढीभन्दा बढी दल वा जनताले सहभागी होस् भन्नेतर्फ आयोगको पनि भूमिका हुने बताउँछन् । भन्छन्, 'नेकपाको विवाद सुल्झाउँदा आयोगले लोकतन्त्र संस्थागत हुने कुरामा ध्यान दिन्छ भन्ने लाग्छ ।'

अर्का पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ यस्तो विवाद सल्टाउन आयोग सक्षम रहेको बताउँछन् । श्रेष्ठ भन्छन्, 'आयोगको गरिमा उँचो हुने गरी स्वतन्त्र र निश्पक्ष निर्णय आउँछ भन्नेमा विश्वस्त छु ।'

*अनलाईनखबरबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)